धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।

९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३० ◆ २०८३ असार २ गते मंगलबार, Tuesday, June 16, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## कोशी प्रदेशसभा : राजस्व र व्ययको वार्षिक अनुमानित बजेट प्रस्तुत

मोरङ । कोशी प्रदेशसभाको आजको बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानित बजेट प्रस्तुत गर्नुभएको छ । उहाँका अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु ४० अर्ब ४४ करोड ९८ लाख रकम विनियोजन भएको हो ।

विनियोजित रकममध्ये चालुतर्फ रु १३ अर्ब ९७ करोड ६३ लाख, पुँजीगततर्फ रु २० अर्ब ७५ करोड ९९ लाख, वित्तीय व्यवस्थातर्फ रु १५ करोड र वित्तीय हस्तान्तरणतर्फ रु पाँच अर्ब ५६ करोड ३६ रकम छुट्याइएको योजनामन्त्री लिङ्थेपले जानकारी दिनुभयो । यो अनुमान चालु आवको विनियोजनको तुलनामा १२ दशमलव ७४ प्रतिशतले बढी रहेको मन्त्री उहाँले बजेट वक्तव्यमा उल्लेख गर्नुभयो । आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट रु पाँच अर्ब ५० करोड, राजस्व बाँडफाँटबाट रु १२ अर्ब ८७ करोड, सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु नौ अर्ब १२ करोड, सशर्त अनुदानबाट रु पाँच अर्ब ९५ करोड, समपुरक अनुदानबाट रु ८४ करोड, विशेष अनुदानबाट रु ४१ करोड र सोभै भुक्तानीबाट रु २० करोड खर्च व्यहोरिने र बाँकी अपुग रकम नगद मौज्दातबाट रु पाँच अर्ब व्यहोरिने मन्त्री योजनामन्त्री लिङ्थेपले बताउनुभयो ।

## सीमा सुरक्षा र विपद् प्रतिकार्यमा सक्रियता

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक विपद्का समयमा खोज, उद्धार तथा व्यवस्थापनमा सशस्त्र प्रहरी बलले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको बताउनुभएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ वाहिनीको २५औँ स्थापना दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा उहाँले कठिन परिस्थितिमा सशस्त्र प्रहरी बलको सक्रिय परिचालनले प्रदेश सरकारलाई विपद् व्यवस्थापनमा थप सक्षम बनाएको उल्लेख गर्नुभयो ।

फेवातालमा गोताखोर टोलीद्वारा गरिएका उद्धार, हवाई तथा सडक दुर्घटनामा सञ्चालन गरिएका उद्धार अभियान, कालीगण्डकी, सेती र त्रिशूली नदीमा भएका खोज तथा उद्धार कार्यमा सशस्त्र प्रहरीले देखाएको साहसको मुख्यमन्त्रीले सराहना गर्नुभयो ।

सोही क्रममा मुख्यमन्त्री पाण्डेले सीमा सुरक्षा, राजस्व छली नियन्त्रण, औद्योगिक सुरक्षा, हुलदङ्गा व्यवस्थापनमा पनि सशस्त्र प्रहरी बलले निर्वाह गरेको भूमिका अन्य सुरक्षा निकायका निम्ति प्रेरक छन् भन्नुभयो ।

## परराष्ट्रमन्त्री र सिपिसीका नेता लिउबीच भेटवार्ता


काठमाडौं । चीनको औपचारिक भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का विदेश विभाग प्रमुख शिशिर खनाल र चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी)केन्द्रीय समितिको अन्तरराष्ट्रिय विभाग प्रमुख लिउ हाइसिङबीच भेटवार्ता भएको छ। उहाँहरुबीच सोमबार बेइजिङमा भेटवार्ता भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। भेटपछि मन्त्री खनालले खुसी व्यक्त गर्दै सो अवसरमा नेपाल-चीन सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभएको छ ।

नेताद्वयबीच रास्वपा र सिपिसी सहकार्य तथा दुवै देशका जनताबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको जनाइएको छ ।

मन्त्री खनाल आफ्ना चिनियाँ समकक्षी वाङ यीको निमन्त्रणामा आइतबारदेखि चीन भ्रमणमा हुनुहुन्छ ।

## नेपाल-भारत सीमा समन्वय बैठक सम्पन्न

महेन्द्रनगर । नेपाल-भारत सीमा समन्वय समितिको बैठक यहाँ सम्पन्न भएको छ ।



बैठकमा कञ्चनपुर, कैलाली, डडेल्धुरा, बैतडी र दार्चुलाका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका अधिकारी सहभागी थिए भने भारततर्फ सम्बन्धित जिल्लाधीश भारतीय प्रहरी तथा सीमा सुरक्षा बलका अधिकारी सहभागी हुनुहुन्थ्यो ।

बैठकको सहअध्यक्षता गर्नुभएका कैलालीका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीका अनुसार नेपाल-भारत सीमा व्यवस्थापनका लागि भइरहेका काम कारबाही, सीमा स्तम्भको अवस्था, मर्मत-सम्भार तथा पुनःनिर्माणलगायत विषयमा छलफल भएको थियो । पारस्परिक सहकार्यलाई अझ प्रभावकारी बनाउने विषयमा समझदारी भएको जानकारी दिँदै प्रजिअ रेग्मीले भन्नुभयो "सीमा स्तम्भको मर्मत-सम्भार, हराएका स्तम्भको खोजी गरी पुनःनिर्माण तथा आवश्यक मर्मतलाई अघि बढाइनेछ ।"बैठकमा हराएका सीमा स्तम्भको पुनःनिर्माण सम्बन्धी प्राविधिक टोलीको प्रगतिबारे पनि जानकारी गराइएको थियो ।

## शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा केन्द्रित बागमती प्रदेशको बजेट

❑ *प्रत्यूष समाचारदाता*

हेटौंडा । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ ।

प्रदेशसभामा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले आज प्रस्तुत गर्नुभएको बजेटमा गुणस्तरीय शिक्षा, आधुनिक स्वास्थ्य सेवा, सामाजिक सुरक्षा तथा मानव विकाससम्बन्धी विभिन्न कार्यक्रम समेटिएका छन् ।

बजेटमा न्यून साक्षरता भएका स्थानीय तहमा शैक्षिक गुणस्तर सुधार, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम र आवासीय शिक्षा कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । शिक्षण सिकाइलाई प्रविधिमैत्री र परिणाममुखी बनाउन 'स्मार्ट टिचिङ' कार्यक्रम सुरु गरिने भएको छ । युवालाई रोजगारी र उद्यमशीलतासँग जोड्न अप्रेन्टिससिप, 'लर्न एन्ड अर्न' तथा मागमा आधारित सीपमूलक तालिम सञ्चालन गरिने जनाइएको छ । सामुदायिक विद्यालयका शिक्षकको पेशागत क्षमता विकास, डिजिटल प्रविधि तथा कृत्रिम बुद्धिकता (एआई) आधारित तालिम सञ्चालन गरिनेछ । बागमती विश्वविद्यालयको भौतिक पूर्वाधार सुदृढीकरण, प्राविधिक उच्च शिक्षामा छात्रवृत्ति तथा सामुदायिक क्याम्पसको गुणस्तर सुधारलाई समेत प्राथमिकता दिइएको छ ।

खेलकुद पूर्वाधार विकासतर्फ भरतपुरस्थित गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला, ललितपुरको गोदावरी रङ्गशाला तथा हेटौँडाको गौरिटार अन्तरराष्ट्रिय रङ्गशालाको निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइने भएको छ ।

स्वास्थ्य क्षेत्रअन्तर्गत योग, ध्यान र स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि हेटौँडा-१६ शक्तिडाँडामा आरोग्य केन्द्र स्थापना गरिने भएको छ । महिला उद्यमशीलता विकास, लैङ्गिक हिंसापीडितका लागि पुनःस्थापना तथा मनोसामाजिक परामर्श सेवा विस्तार गरिने जनाइएको छ ।

प्रदेश सरकारले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा जोखिममा रहेका समुदायको संरक्षण र सशक्तीकरणका कार्यक्रमलाई निरन्तरता दिएको छ । दलित समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक सशक्तीकरणका कार्यक्रम पनि सञ्चालन गरिनेछन् । स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न अस्पताल तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, उपकरण र जनशक्ति व्यवस्थापन लाई सुदृढ बनाइने भएको छ । विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवा विस्तारका लागि प्रदेशका अस्पतालमा सिटी स्क्यान, एमआरआई, क्याथ ल्याब तथा हेमोडाय लाइसिस मेसिनजस्ता आधुनिक उपकरणको व्यवस्था गरिने बजेटमा उल्लेख छ ।

'एक विद्यालय, एक नर्स' कार्यक्रम लाई निरन्तरता दिइएको छ । विद्यालय स्तरमा श्रवण, दृष्टि र दन्त परीक्षण गरी आवश्यक उपचार तथा चस्मा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ। ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिइएको छ। आमा तथा नवजात शिशुमा हुने कुपोषण न्यूनीकरण गर्न सुत्केरी पोषण कार्यक्रम सञ्चालन गरिने भएको छ। सुत्केरी गराउने तथा बालबालिकाले पूर्ण खोप लगाएपछि आमालाई रु पाँच हजार प्रोत्साहन उपलब्ध गराउने कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ ।

## राष्ट्रिय मुआथाई च्याम्पियनसिपमा जलनलाई स्वर्ण

❑ *प्रत्यूष समाचारदाता*

कास्की । पोखरामा सोमबार सम्पन्न दोस्रो संस्करणको २३ वर्षमुनिको राष्ट्रिय मुआथाई च्याम्पियनसिपमा लेखनाथ डोजो मुआथाई क्लबका जलन पुनले स्वर्ण पदक जितेका छन् ।

नेपाल राष्ट्रिय मुआथाई सङ्घको आयोजनामा पोखरा खेलकुद महोत्सवका अवसरमा राष्ट्रिय मुआथाई प्रतियोगिता सञ्चालन भएको हो । प्रतियोगिताको सबैभन्दा आकर्षक प्रतिस्पर्धा यु-१८-२३ वर्ष अन्तर्गत ६३-६५ किलो तौल समूहमा भएको थियो । यस प्रतिस्पर्धामा स्वर्ण जितेका जलनले रु २० हजार पुरस्कार पाए ।

सोही समूहमा लेखनाथ डोजोका कुशल नेपाली द्वितीय भए । उनले रु १० हजार पुरस्कार पाए । ओर्ला फिटनेस पोखराका सुमन जिसी र स्ट्रेङ्ग्थ मुआथाई क्लब पोखराका विश्वास पौडेलले तेस्रो हुँदै जनही रु पाँच हजार पुरस्कार पाउन सफल भएको आयोजक नेपाल राष्ट्रिय मुआथाई सङ्घका उपाध्यक्ष दीपकबहादुर गोदारले जानकारी दिए ।

यसैगरी यु-१४-१५ वर्ष ५०-५३ किलो तौल समूहमा स्ट्रेङ्ग्थ मुआथाई क्लब बालिङका सुरेश सार्की प्रथम भए भने स्ट्रेङ्ग्थ मुआथाई क्लब पोखराका राजन घर्ती मगर द्वितीय भए । निर्जल गुरुङ र साम्युल श्रेष्ठ तृतीय भए । यो समूहको प्रथमले रु १० हजार, द्वितीयले रु सात हजार र तृतीयले रु चार हजार पुरस्कार पाए ।

यु-१६-१७ वर्ष ५३-५५ किलो तौल समूहमा आयुष ह्योल्मो प्रथम तथा करण तामाङ द्वितीय भए । प्रथमले रु १० हजार तथा द्वितीयले रु सात हजार पुरस्कार पाए । यस्तै ५७-६० किलो तौल समूहमा राहुल कार्की प्रथम, टेरेन्स थापा मगर द्वितीय तथा भास्कर गुरुङ र अभिषेक श्रेष्ठ तृतीय भए । प्रथमले रु २० हजार, द्वितीयले रु १० हजार र तृतीयले रु पाँच हजार पुरस्कार पाए ।

महिला यु-१६-१७ वर्ष ५०-५३ किलो तौलमा जोरिना राई प्रथम तथा स्नेहा खत्री द्वितीय भइन् । प्रथमले रु १० हजार र द्वितीयले रु ७ हजार पुरस्कार पाए । यसैगरी यु-१८-२३ वर्ष ५०-५३ किलोमा अञ्जन श्रेष्ठ प्रथम, मन्दिप क्षेत्री द्वितीय तथा प्रवेश कुलुङ राई र चिरञ्जिवी छन्त्याल तृतीय भए । प्रथमले रु १० हजार, द्वितीयले रु सात हजार र तृतीयले रु चार हजार पुरस्कार पाए ।

त्यसैगरी ५५-५७ किलो तौल समूहमा हेमन्त बोगटी प्रथम, दिप्सन गुरुङ द्वितीय तथा स्वदेश पौडेल र सोनम थापा तृतीय भए । प्रथमले रु १० हजार, द्वितीयले रु सात हजार र तृतीयले रु चार हजार पुरस्कार पाए ।

## धौलागिरि प्रादेशिक अस्पतालमा डायलाइसिस गर्न पालो कुर्नु नपर्ने

ढोरपाटन । धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा मिर्गौला रोगका बिरामी बढ्दै गएपछि डायलाइसिस सेवा विस्तार गरिएको छ । बिरामीको सङ्ख्या बढ्दै गएपछि अस्पतालमा सेवा विस्तार गरिएसँगै डायलाइसिस गर्न पालो कुर्नु नपर्ने भएको हो । अहिले मिर्गौला रोगीका लागि अस्पतालमा छुट्टै कक्ष स्थापना गरेर सेवा दिन थालिएको हो ।

नियमित डायलाइसिस गर्नुपर्ने बिरामीलाई सहज रूपमा सेवा दिने उद्देश्यले अस्पतालमा गण्डकी प्रदेश सरकारको रु २० लाख लागतमा छुट्टै कक्ष स्थापना गरिएको अस्पतालका प्रमुख डा किरण तिवारीले बताउनुभयो । उहाँका अनुसार अस्पतालले दैनिक ६४ जनालाई डायलाइसिस सेवा दिइरहेको छ ।

छुट्टै कक्ष स्थापना गरेपछि थप २० जनाको डायलाइसिस गर्नसक्ने क्षमता विस्तार भएको डा तिवारीले उल्लेख गर्नुभयो । अस्पतालमा आवश्यकताअनुसार शय्या थप्ने काम भएको भन्दै उहाँले आवश्यक उपकरण प्रदेश सरकारले उपलब्ध गराउने भएपछि सेवा विस्तार गरिएको बताउनुभयो । "पछिल्लो समय मृगौला पीडित बिरामी बढ्दै गएका छन् । उहाँहरूलाई लामो समय लाइनमा बस्नुपर्दा असहज हुने देखिएपछि अस्पतालले सेवालाई थप प्रभावकारी र सहज बनाउन कक्ष स्थापना गरेको हो", प्रमुख तिवारीले भन्नुभयो, "सीमित



बिरामीको डायलाइसिस गर्नुपर्ने हुँदा ३० जना लाइनमा बस्नुपर्ने बाध्यता थियो । अब भने यो समस्या अन्त्य भएको छ ।" यसैबीच अस्पतालले हालै सर्पदंशको उपचार सेवा सुरु गरेको छ । योसँगै अस्पतालमा 'सिटी स्क्यान' उपकरण जडान भएपछि ट्रमाका बिरामीले पनि सहज रूपमा सेवा पाउन थालेका अस्पताल प्रशासनले जनाएको छ ।

## सम्पादकीय ....

# युवा पलायन रोकिएला ?

ग्रामीण क्षेत्रमा सडक पुगे पनि स्वास्थ्य, शिक्षा वा बजार सेवा नपुग्ने, वा त्यही उल्टो स्थिति देखिने समस्या सामान्य बन्यो । शहरी क्षेत्रमा योजनाबद्ध बस्ती विकास नहुँदा अव्यवस्थित शहरीकरण, ढल व्यवस्थापनको अभाव र यातायात चापले जीवनस्तरमा प्रत्यक्ष असर पार्‍यो। २०७२ सालको भूकम्पले नेपालको पूर्वाधार प्रणालीको कमजोर संरचना मात्र होइन, समन्वयविहीन विकास सोचको गम्भीर परिणाम पनि उजागर गर्‍यो। धेरै विद्यालय, स्वास्थ्य संस्था र सरकारी भवन क्षतिग्रस्त हुँदा "सुरक्षित र एकीकृत पूर्वाधार" को आवश्यकता स्पष्ट भयो। साथै जलवायु परिवर्तन, बाढी-पहिरो, डुबान तथा अन्य विपद् जोखिमले पनि खण्डित विकास प्रणालीको कमजोरी झन् प्रस्ट बनायो। यसरी हेर्दा नेपालको विकास इतिहास लामो समयसम्म खण्डित, असमन्वित र प्रतिक्रियात्मक ढाँचामा आधारित रह्‍यो, जसलाई अब संरचनागत सुधारमार्फत परिवर्तन गर्नुपर्ने आवश्यकता देखिन्छ।

नेपाल सरकारले हालै गरेको मन्त्रालय पुनर्संरचना विकास प्रशासन सुधारतर्फको महत्वपूर्ण कदम हो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालयलाई एकीकृत गरी "पूर्वाधार विकास मन्त्रालय" गठन गर्नु केवल प्रशासनिक समायोजन होइन, विकास दर्शनमै आएको परिवर्तन हो। यसले पूर्वाधार विकासलाई अब छुट्टाछुट्टै क्षेत्रको रूपमा होइन, एकीकृत प्रणालीका रूपमा सञ्चालन गर्ने आधार तयार गरेको छ।

यस पुनर्संरचनाको मुख्य उद्देश्य विकासमा देखिएको दोहोरोपन हटाउनु, समन्वय बढाउनु र सार्वजनिक लगानीलाई अधिक प्रभावकारी बनाउनु हो। अब सडक निर्माणसँगै खानेपानी, ढल, विद्युत्, फाइबर इन्टरनेट तथा शहरी योजना एकै करिडोरमा समेट्ने सम्भावना बढेको छ। यसले आयोजना लागत घटाउने, कार्यान्वयन समय छोट्याउने र सेवा प्रभावकारिता बढाउने अपेक्षा गरिएको छ। साथै, मन्त्रालयगत विभाजनका कारण हुने नीति असंगति पनि घट्ने सम्भावना छ।

विश्वका धेरै देशहरूले पूर्वाधार विकासलाई "इन्टिग्रेटेड इन्फ्रास्ट्रक्चर सिस्टम" को रूपमा अघि बढाइरहेका छन्, जहाँ सेवा प्रवाहलाई केन्द्रमा राखेर योजना बनाइन्छ। नेपालले पनि यही दिशामा कदम चालेको देखिन्छ। यसले विकासलाई अब संरचना निर्माण मात्र नभई सेवा प्रणालीको एकीकृत व्यवस्थापनका रूपमा हेर्न प्रेरित गर्छ। यसले दीर्घकालीन रूपमा विकासलाई अधिक दिगो, प्रभावकारी र नागरिक-केन्द्रित बनाउन मद्दत गर्ने अपेक्षा गरिएको छ।

नेपालको विकास सोचमा महत्वपूर्ण परिवर्तन हो। यस अवधारणाको मूल उद्देश्य नागरिकलाई आवश्यक आधारभूत सेवा उनीहरूको नजिकै उपलब्ध गराउनु हो। यसले समय, दूरी र लागत घटाएर सेवा पहुँचलाई सहज बनाउने लक्ष्य राख्छ।

विकासलाई भौतिक संरचना निर्माणको आधारमा होइन, सेवा पहुँचको प्रभावकारिताको आधारमा मूल्यांकन गर्नुपर्ने सोच यसले अघि सारेको छ। उदाहरणका लागि, विद्यालय वा अस्पताल निर्माण मात्र पर्याप्त हुँदैन; त्यहाँ सुरक्षित पहुँच, सार्वजनिक यातायात र आवश्यक पूर्वाधार पनि अनिवार्य हुन्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# मानव-वन्यजन्तु द्वन्द्व बढ्दो चुनौती

*भीष्मराज ओझा*

पछिल्लो समय संरक्षित क्षेत्र वरपर बढ्दो जनघनत्व एवं अव्यवस्थित भू-उपयोगका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एवं सङ्कुचनले गर्दा वन्यजन्तुहरुले आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेका छन्।

यसबाट संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरी बसोबास गर्ने समुदायको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ। खासगरी हात्ती, बाघ, गैंडा, हिउँचितुवा, हिमाली कालो भालु, काठे भालुलगायतका वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु तथा घाइतेका साथै बालीनाली, घर, गोठको क्षति हुने गरेको छ। अर्कोतिर बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति मुलुकभर बढ्दो छ। यसले गाउँबस्ती नै विस्थापित हुने अवस्था सिर्जना भएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार पछिल्ला वर्षहरुमा मानव-वन्यजन्तु द्वन्द्व एक टड्कारो समस्याको रुपमा देखा परेको छ। आर्थिक वर्ष २०८१/८२ मा मात्र मुलुकभरका संरक्षित तथा मध्यवर्ती क्षेत्रका बस्तीमा वन्यजन्तुको आक्रमणबाट १५ जनाको मृत्यु भएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तथ्याङ्क छ।

त्यसैगरी सामान्य घाइते सङ्ख्या १४ जना र सख्त घाइते हुनेको सङ्ख्या ५७ जना, घर/गोठको क्षति ११६, पशुधन क्षति तीन हजार ७३२, अन्नबालीको क्षति चार हजार ६१० र भण्डारण गरेको अन्नको क्षतिका घट्ना ५१ रहेको तथ्याङ्क छ। मानवीय क्षति भएकामध्ये सबैभन्दा धेरै चितवन राष्ट्रिय निकुञ्जमा १० जना, बर्दिया राष्ट्रिय निकुञ्जमा दुई जना तथा बाँके, शुक्लाफाँटा र पर्सा राष्ट्रिय निकुञ्जमा एक/एक जनाको मृत्यु भएको छ।

त्यस्तै गत आवमा वन्यजन्तुबाट भएको क्षतिका कुल आठ हजार ५९५ वटा घटना दर्ता भएका छन्। विभागले निकुञ्ज आरक्षलगायत संरक्षित क्षेत्रहरुका वन्यजन्तुबाट हुने क्षतिलाई कम गर्नेलगायत विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ। साथै, मानव-वन्यजन्तु द्वन्द्वलाई न्यूनिकरण गर्न वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका बमोजिम राहत उपलब्ध गराउने व्यवस्था गरिएको विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले बताउनुभयो।

गत आवमा संरक्षित क्षेत्रमा वन्यजन्तुबाट कुल आठ हजार ५९५ भौतिक तथा कृषि क्षेत्रमा क्षतिका घटना भएका थिए। त्यसको क्षतिवापत विभिन्न संरक्षित क्षेत्रका कार्यालयबाट कूल सात करोड ११ लाख ६८ हजार ६०४ रुपैंया राहत रकम वितरण गरिएको विभागले जनाएको छ।

विभिन्न कारणबाट वन्जन्तु मृत्यु

त्यस्तै वन्यजन्तुहरु निकुञ्ज नजिकमा रहेका गाउँ बस्तीमा विविध कारणले गर्दा प्रवेश गर्ने गरेका छन्। यस्तो अवस्थामा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयले सरोकारवालाको सहयोगमा ती वन्यजन्तुहरुको उद्धार गर्ने गरिएको छ। उद्धार गरिएका यस्ता वन्यजन्तुहरुलाई आवश्यक उपचार वा रेखदेखपश्चात उचित वासस्थानमा पुनर्स्थापना गर्ने गरिएको छ। पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुको हकमा उक्त वन्यजन्तुलाई उचित खोर र आहाराको व्यवस्था गरी हेरचाह गरिंदै आइएको छ।

यस्ता समस्याग्रस्त वन्यजन्तुहरुको व्यवस्थापन खर्च निकै महङ्गो हुने भएकाले व्यवस्थापकीय चुनौती थप भएको छ। गत आवमा प्रकृतिक, सडक दुर्घटना, भौतिक संरचनामा फसेर, कुकुरको आक्रमण र दलदलमा फस्नेलगायत विभिन्न कारणबाट ३३९ वन्यजन्तु मृत्युका घटना भएका थिए। त्यसमध्ये सबै भन्दा धेरै मृत्यु चित्तलको भएको देखिन्छ भने प्राकृतिक बाहेक सडक दुर्घटना र कुकुरको आक्रमणबाट सबै भन्दा धेरै वन्यजन्तुहरुको मृत्यु भएको थियो। आव २०८१/८२ को तथ्यांकअनुसार विभिन्न कारणले १२८ चित्तल, ३२ कृष्णसार, २९ गैंडा, १९ बाँदर, १७ बँदेल, १५ रतुवा, ११ हात्ती, १० पाटेबाघ, १० घोरल मृत्युलगायतका घट्ना रेकर्ड गरिएको छ। वन्यजन्तुलाई बासस्थानभित्र सुरक्षित राख्नु प्रभावकारी वन्यजन्तुको सङ्ख्या वृद्धि, मानव बस्तीको विस्तार, पूर्वाधार निर्माण र जङ्गलमाथिको निर्भरता बढ्दै जाँदा मानव-वन्यजन्तु द्वन्द्वका घटना पनि बढिरहेका छन्। वरिष्ठ इकोलोजिष्ट आचार्यका अनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणको सबैभन्दा प्रभावकारी उपाय भनेको वन्यजन्तुलाई उनीहरूको प्राकृतिक बासस्थानभित्र सुरक्षित राख्नु हो। उहाँले वन्यजन्तुको बासस्थान सुधार, घाँसेमैदान विस्तार, पानीका स्रोतको संरक्षण तथा मानवीय हस्तक्षेप न्यूनीकरण गरेर वन्यजन्तुलाई जङ्गलभित्रै बस्न अनुकूल वातावरण बनाउनुपर्ने बताउनुभयो। "घट्नापछि राहत वितरण गर्नेभन्दा पनि घटना नै हुन नदिने उपायमा जोड दिन आवश्यक छ", उहाँले भन्नुभयो।

विभागले स्रोतसाधनअनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका फरक-फरक सुरक्षा उपाय अपनाएको उहाँले जानकारी दिनुभयो। "हात्ती प्रभावित क्षेत्रमा सोलार तथा विद्युतीय बार, आरसीसी पर्खाल र अन्य अवरोध निर्माण गरिएका छन् भने गैंडा तथा अन्य वन्यजन्तुको आवतजावत नियन्त्रणका लागि पनि विभिन्न संरचनात्मक उपायहरू प्रयोग भइरहेका छन्" वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो।

उहाँले स्थानीय समुदायलाई पर्यटन, होमस्टे तथा अन्य वैकल्पिक आयआर्जनका अवसरसँग जोड्न सके जङ्गलमाथिको निर्भरता घट्ने र मानव-वन्यजन्तु सम्पर्क पनि कम हुने बताउनुभयो। "जंगलमा घाँस, दाउरा वा वन उपज सङ्कलनका लागि बारम्बार जानुपर्ने अवस्था अन्त्य गर्न सकियो भने द्वन्द्वका धेरै घटना स्वतः घट्छन्," उहाँको भनाइ छ। यसैगरी वन्यजन्तुको मृत्युका घटनाबारे उहाँले प्राकृतिक कारणभन्दा पनि सडक दुर्घटना, सिँचाइ कुलो, विद्युतीय करेन्ट तथा अन्य पूर्वाधारजन्य जोखिमहरू प्रमुख चुनौतीका रूपमा देखिएको बताउनुभयो।

द्वन्द्व व्यवस्थापन गर्न प्राविधिक कार्यदल गठन

मुलुकभर वन्यजन्तुबाट मानवीय र भौतिक क्षति तथा कृषि बाली नष्ट हुने गरेका घट्ना बढ्दै गएपछि यसको समाधानका लागि सर्वत्र आवाज उठ्न थालेको छ। यसै सन्दर्भमा सङ्घीय संसदको चालु अधिवेशनमा पनि सांसदहरुले समाधानका लागि सरकारको ध्यानाकर्षण गराउँदै व्यापक रुपमा आवाज उठाउनुभएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले मन्त्रिस्तरीय निर्णयबाट यही जेठ ४ गते मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि राय सुझाव उपलब्ध गराउन प्राविधिक कार्यदल गठन गर्नुभएको थियो। कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कृषि र गृह मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका प्रतिनिधि र सरोकारवाला क्षेत्रका विज्ञहरू सदस्य रहनुभएको छ।

कार्यदललाई यस सम्बन्धमा विगतमा तयार गरिएका प्रतिवेदन, अध्ययन अनुसन्धान, नीतिगत तथा संस्थागत व्यवस्था, राहत तथा क्षतिपूर्ति प्रणाली र हालसम्म भएका व्यवस्थापन प्रयासहरूको समीक्षा र विश्लेषण गर्ने जिम्मेवारी प्रदान गरिएको छ। साथै द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीतिगत तथा संस्थागत उपायहरू सिफारिस गर्नेसमेत जिम्मेवारी प्रदान गरिएको मन्त्रालयका उपसचिव एवं कार्यदलका सदस्य शिला ज्ञवालीले जानकारी दिनुभयो।

कार्यदलको यही जेठ १८ गतेको बैठकले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गर्ने, विभिन्न कार्यक्रमहरू संचालन गर्ने तीनै तहका सरकारका निकायहरू, गैह्सरकारी संघ संस्था, विज्ञ र सर्वसाधारणबाट राय सुझाव संकलन गर्ने निर्णय गरेको थियो। उहाँका अनुसार कार्यदलले यही जेठ २२ गते एक सूचनामार्फत बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका उपायहरूमा केन्द्रित रही १५ दिन भित्र राय सुझाव उपलब्ध गराउन अनुरोध गरेको छ।

द्वन्द्व न्यूनीकरण गर्न समुदाय परिचालन र जनचेतना

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य-सचिव डा चिरञ्जीवीप्रसाद पोखरेलले मन्त्रालयले हालै गठन गरेको प्राविधिक विज्ञ समिति मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि महत्वपूर्ण कदम भएको बताउनुभयो। उहाँका अनुसार विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित उक्त समितिले वैज्ञानिक अध्ययन, क्षेत्रीय अनुभव र समुदायका आवश्यकतालाई समेटेर नीति निर्माण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

'सबै मानव-वन्यजन्तु द्वन्द्व एउटै होइन'

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले मानव-वन्यजन्तु द्वन्द्वलाई एउटै समस्या मानेर समाधान खोज्दा अपेक्षित परिणाम नआउने बताउनुभयो। "बाँदरले बाली नष्ट गर्ने समस्या, चितुवा वा बाघले पशुधन र मानवमाथि आक्रमण गर्ने समस्या, हात्तीले कृषि क्षेत्रमा पुऱ्याउने क्षति वा हिउँचितुवाले पशु चौपायामा पुऱ्याउने क्षति फरक-फरक प्रकृतिका हुन्," उहाँले भन्नुभयो, "त्यसैले समाधान पनि प्रजातिअनुसार फरक गर्नुपर्छ।" हिउँचितुवाबाट हुने पशुधन क्षति न्यूनीकरणका लागि सञ्चालन गरिएको सामुदायिक बीमा कार्यक्रम सफल भएको उल्लेख गर्नुभयो। त्यस्तै, उहाँले बाघ प्रभावित क्षेत्रमा घाँसेमैदान व्यवस्थापन, पानीका स्रोत सुधार, जोखिमयुक्त क्षेत्रमा पुगेका बाघको उद्धार तथा समुदायस्तरमा व्यवहार परिवर्तन अभियान सञ्चालन गरिँदा सकारात्मक परिणाम देखिएको जानकारी दिनुभयो। त्यस्तै केही क्षेत्रमा सञ्चालन गरिएको 'मानव व्यवहार परिवर्तन अभियान'पछि मानवीय क्षतिका घटना उल्लेखनीय रूपमा घटेका छन्। "संरक्षणको अर्थ वन्यजन्तु मात्र जोगाउनु होइन, स्थानीय समुदायको जीवन र जीविकाको सुरक्षा सुनिश्चित गर्नु पनि हो", उहाँले भन्नुभयो।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# बगरलाई बगैँचा बनाउने अभियानमा जुट्दै युवा

महोत्तरी । चार दशकअघि बर्दिबास नगरपालिका-१२ र १३ बिजलपुराको मा रातु नदीमा आएको बाढीले बगर बनाएको क्षेत्रमा विभिन्न प्रजातिका बिरुवा लगाउन यहाँका युवा जुटेका छन् । 'बिजलपुरा रुपान्तरण अभियान' मार्फत हरियाली बनाउँदै पर्यावरण प्रवर्द्धन र आर्थिक उपार्जनका लागि यहाँका युवा 'बगर बगैँचा अभियान' मा जुटेका हुन् ।

विसं २०४० अघि पटकपटक रातु नदीमा आएको बाढीले बगर बनाएको पश्चिमी भँगालोमा पर्ने एक हजार बिघाभन्दा बढी जग्गालाई बगर बगैँचा बनाउने अभियानमा युवा जुटेका बिजलपुराका प्रमोदकुमार महतोले बताउनुभयो ।

"यहाँको उर्वर जग्गा रातुले बगर बनाएपछि कति जना सुकुमवासी हुनुपर्‍यो । तीन वटा भँगालो बनेर एक हजार बिघाभन्दा बढी जग्गा बगर बनाएको रातुका पूर्वी र पश्चिमी भँगालो दुई दशकअघि तटबन्ध बनेपछि उक्सिएका छन", उहाँले भन्नुभयो, "पश्चिमी भँगालोमा उक्सिएको बगरमा हामीले बगैँचा र उत्पादनशील जग्गा बनाउने सम्भावना खोज्न थालेका हौँ ।"

बिजलपुराको शिक्षा, स्वास्थ्य, पर्यावरण र कृषि क्षेत्र सुधारका लागि युवापुस्ताले 'बिजलपुरा रुपान्तरण अभियान' थालेका छन् । अहिले उकास भएको पश्चिमी भँगालोको बगरमा सोही अभियानअन्तर्गत रही 'बगर बगैँचा' को अवधारणमा छलफल गरी विभिन्न सरोकार भएका निकायसँग समन्वय थालिएको उक्त अभियानका संयोजक राजकरण महतोले जानकारी दिनुभयो ।

"यहाँ बगर बनेको हजारौं बिघा जग्गालाई हराभरा बगैँचा बनाउने प्रक्रियामा हामी जुटेका छौँ", उहाँले भन्नुभयो, "यसका लागि जग्गाधनी, स्थानीय जनप्रतिनिधि, बर्दिवास नगर कार्यपालिकाको कार्यालय र वातावरण तथा पर्यावरणका क्षेत्रमा कार्यरत सामाजिक सङ्घसंस्थासँग छलफल र समन्वय गरिरहेका छौँ । यसले शीघ्र पूर्णता पाउनेछ ।"

रातुको पश्चिमी भँगालोमा पर्ने भङ्गाहा नगरपालिका-६ को उकास बगरमा पछिल्लो १० वर्षयतादेखि करिब ३०० बिघा जग्गा हराभरा भएको छ । यो बगरका पहिलेका जग्गाधनीले पुनः खेती लगाउन पाएका छन् । साथै गौशाला नगरपालिका-८ स्थित सोनीनदी किनारको करिब २०० बिघा उकास बगर हरित क्षेत्र बनेको छ ।

यी दुवै ठाउँमा सम्बद्ध नगर कार्यपालिकाको कार्यालयसँगको समन्वयमा चुरे तथा जलाधार संरक्षण, कृषि एवं हरियाली प्रवर्द्धन क्षेत्रमा कार्यरत सामुदायिक विकास तथा पैरवी मञ्च नेपालले स्थानीयको सहभागितामा 'बगर बगैँचा' अभियान सञ्चालन गरेको बिजलपुरा रुपान्तरण अभियानका रमेश महतोले बताउनुभयो । उहाँका अनुसार यी क्षेत्रका बगरमा अहिले आँप, लिची, अम्बा, कागतीलगायतबाट लगाएर हरियाली बनाइएको छ ।

छिमेकका यिनै दुई ठाउँको बगर बगैँचा देखेपछि आफूहरूलाई यहाँको उकास बगरमा यस्तै काम गर्ने प्रेरणा जागेको अभियान्ता महतोले उल्लेख गर्नुभयो । उहाँका अनुसार पहिलो चरणमा यहाँको बगर क्षेत्रको अवस्था, माटोको गुणस्तर, सिँचाइको सम्भावना र दीर्घकालीन कृषि प्रवर्द्धनका सम्भावनाबारे सामुदायिक विकास तथा पैरवी मञ्चसहित सरोकार भएका निकायका विज्ञले स्थलगत अध्ययन गरेका छन् ।

"हामीले बर्दिबास-१२ मा पर्ने रातुको पश्चिमी भँगालोको उकास बगरक्षेत्र अवलोकन गर्यौं", मञ्चका अध्यक्षसमेत रहनुभएका वातावरणविज्ञ नागदेव यादवले भन्नुभयो, "यो ठाउँ भङ्गाहा-६ को र गौशाला-८ को बगरभन्दा उर्वर छ ।" यहाँ रोपिने रुखका बिरुवा चाँडै बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । यस अभियानमा बर्दिवास नगरकार्यपालिकाको कार्यालयसँगको समन्वय र साझेदारीमा आफ्नो संस्था जोडिएको उहाँको भनाइ छ । भङ्गाहा-६ को बगर उर्वर जग्गा भएकाले यसको संरक्षण गरी उपयोग गर्नुपर्ने स्थानीय बताउँछन् । यसैबीच, गौशालाको उकास बगर भने आर्थिक अवस्था कमजोर भएका मुसहर समुदायलाई उत्पादनसँग जोड्न नगरपालिकाले उपलब्ध गराएको छ ।

बगैँचाभित्र भूमिहीन मुसहरले तरकारीखेती गरेर प्रशस्त आयआर्जन गरिरहेका छन् । दुवै ठाउँको बगर बगैँचाभित्र तरकारीखेती विस्तारका लागि मञ्चले बीउबिजन, बिरुवा र प्राविधिक सहयोग पुर्याउँदै आएको छ । यसैगरी ठाउँठाउँमा सिँचाइका लागि बोरिङ जडान गरिएको मञ्चका अध्यक्ष यादवले जानकारी दिनुभयो । नगरकार्यपालिकाको कार्यालय र मञ्चको सहयोग तथा स्थानीयको मेहनतले ती ठाउँ हराभरा बनेका उहाँको भनाइ छ ।

बगर बगैँचाको अवधारणा वर्षौंदेखि बञ्जड बनेको ठाउँलाई फेरि चार दशक पहिलेको जस्तै उर्वर जग्गा बनाउने उद्देश्यका साथ सम्भाव्यता अध्ययन गरी सम्बद्धपक्षसँगको समन्वय मा पहलकदमी लिइएको बिजलपुरा रुपान्तरण अभियानमा आबद्ध आनन्द कुमार सिंहले बताउनुभयो । "हामी आफ्नो ठाउँलाई समृद्ध बनाउने अभियानमा छौँ", उहाँले भन्नुभयो, "आपसी सहकार्य र समन्वयबाट यो अभियान अघि बढ्छ ।"

"युवाको पहलमा केही हुन्छ कि भन्ने आश पलाएको छ", बर्दिवास-१३ का रामप्रकाश महतोले भन्नुभयो, "फेरि एकपटक जग्गाधनी बन्न पाइने र खेती गरी आयआर्जनमा जोडिने आशा जगाएको छ ।" बस्तीका युवाको पहलमा अघि बढेको अभियानमार्फत बगर फेरि उत्पादनशील जग्गा बन्ने सम्भावना बढेको बर्दिवास-१३ का वडाध्यक्ष लक्ष्मण सिंहले बताउनुभयो । यो बगरक्षेत्र फेरि कृषियोग्य बनाउन सकिए यहाँको कृषि उत्पादनमा वृद्धि हुनुका साथै रोजगारी सिर्जना, वातावरण संरक्षण तथा स्थानीय आर्थिक गतिविधि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । अभियानलाई पूर्णता दिन आफूले सक्दो सहयोग गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

# कर्णाली प्रदेशसभाः ३५ अर्ब ३९ करोड बजेट

कर्णाली । कर्णाली प्रदेश सरकारले राजस्व र व्ययको वार्षिक अनुमानसहितको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गरेको छ । प्रदेशसभाको सोमबार बसेको बैठकमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले आगामी आवका लागि रु ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार बजेट प्रस्तुत गर्नुभएको हो ।

प्रस्तुत बजेट अनुसार पुँजीगततर्फ रु २० अर्ब ७४ करोड ६७ लाख १२ हजार र चालुतर्फ रु आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार विनियोजन गरिएको उहाँले बताउनुभयो । यो बजेट चालु आर्थिक वर्षको तुलनामा सात दशमलव २८ प्रतिशतले वृद्धि भएको हो ।

योजनामन्त्री शाहका अनुसार वित्तीय व्यवस्थापनतर्फ रु ५० करोड, स्थानीय तहमा वित्तीय हस्तारणतर्फ रु पाँच अर्ब ५४ करोड ७२ लाख ८० हजार रकम विनियोजन गरिएको छ । आगामी आवका लागि अनुमानित खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक आयबाट रु ८५ करोड पाँच लाख ९० हजार र चालु आवको खर्च नभई बचत हुने रकम रु छ अर्ब ४१ करोड ५१ लाख नौ हजार, सङ्घीय सरकारबाट राजस्व बाँडफाँडवापत प्राप्त हुने रकम रु१० अर्ब ६६ करोड ५० लाख ४९ हजार विनियोजन गरिएको छ । वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रु१० अर्ब ६३ करोड २३ लाख र सशर्त अनुदानबाट रु पाँच अर्ब ६७ करोड २५ लाख, सङ्घीय सरकारबाट प्राप्त हुने समपुरक अनुदानतर्फ रु ६६ करोड ७८ लाख र विशेष अनुदानतर्फ रु ४८ करोड ५६ लाख परिचालन गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

सङ्घीय सरकारबाट सशर्त अनुदान बाट प्राप्त हुने वैदेशिक सहायता बाहेक अन्य वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम कार्यान्वयनका लागि अपुग रकमबाट स्रोत परिचालन गरिने योजनामन्त्री शाहले जानकारी दिनुभयो ।

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ का लागि रु ३२ अर्ब ९९ करोड ६६ लाख ९५ हजार बजेट विनियोजन गरेको थियो ।

# गण्डकीको स्वास्थ्य क्षेत्र सुदृढीकरणका लागि तीन अर्ब ३१ करोड बजेट

कास्की । गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि स्वास्थ्य क्षेत्रमा रु तीन अर्ब ३१ करोड बजेट विनियोजन गरेको छ । चालु आवमा स्वास्थ्य क्षेत्रका लागि रु तीन अर्ब ३२ करोड ७० लाख ४० हजार विनियोजन गरिएको थियो । प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले आज प्रदेशसभामा आगामी वर्षका लागि सरकारको कुल रु ३२ अर्ब ९९ करोड ९९ लाख बजेट प्रस्तुत गर्नुभएकामा स्वास्थ्य क्षेत्रतर्फ विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवाको विस्तार एवं सुदृढीकरणमा जोड दिइएको छ ।

सरकारले प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल र गण्डकी आयुर्वेद अस्पताल कास्कीको भवन निर्माणका लागि रु छ करोड बजेट विनियोजन गरेको छ । यसैगरी मध्यविन्दु प्रादेशिक अस्पताल नवलपुर र गोरखामा सिटीस्क्यान उपकरण खरिदका लागि रु १० करोड विनियोजन गरिएको आर्थिक मामिलामन्त्री शेरचनले बताउनुभयो । गण्डकी प्रदेश सरकार मातहतका अस्पतालका लागि एम्बुलेन्स खरिद गर्न रु तीन करोड ५० लाख विनियोजन गरेको छ । सरकारले नसर्ने रोगको समयमा पहिचान, उपचार तथा व्यवस्थापन एवं योग, ध्यान, मानसिक स्वास्थ्य सचेतना तथा स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि समेत बजेट छुट्याएको छ । रगत तथा रक्तजन्य पदार्थको निःशुल्क उपलब्धता, क्यान्सरको उपचारमा आर्थिक सहायता, स्वास्थ्य बिमा कार्यक्रम र जोखिममा परेका गर्भवती तथा सुत्केरीको हवाई उद्धारका लागि रु छ करोड ६० लाख विनियोजन गरिएको अर्थमन्त्री शेरचनले जानकारी दिनुभयो ।

आधारभूत स्वास्थ्यमा नागरिकको पहुँच विस्तार गर्न निर्धारित मापदण्डका आधारमा आधारभूत अस्पतालमा मेडिकल अधिकृतको व्यवस्था, सामुदायिक नर्सिङ कार्यक्रम सञ्चालन एवं सुदृढीकरण तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

सरकारले आगामी वर्ष महामारी तथा जनस्वास्थ्य जोखिम विरुद्धको पूर्वतयारी, प्रतिकार्य तथा स्वास्थ्य सुरक्षा व्यवस्थालाई थप सुदृढ गर्न एकीकृत निगरानी प्रणाली समुदायस्तरमा विस्तारका लागि रु दुई करोड विनियोजन गरेको छ ।

यसैगरी 'मातृ र नवशिशु स्वास्थ्यमा सुधार, समुन्नत भविष्यको मूल आधार' भन्ने नारासहित मातृ तथा नवशिशु स्वास्थ्य सेवा विस्तार तथा स्वास्थ्य संस्था सुदृढीकरणलाई बजेटमा समावेश गरिएको छ । 'स्वस्थ मुटुः सुन्दर भविष्य' को नारासहित बालबालिकामा बाथ मुटुरोग पहिचान (रुम्याटीक हार्ट डिजीज स्किनिङ) कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको मन्त्री शेरचनले बताउनुभयो ।

# महिला स्वास्थ्यदेखि अपंगता अधिकारसम्म : कोशी बजेटका कार्यक्रम

विराटनगर । कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेटमा महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण र सशक्तीकरणलाई प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम तथा सहुलियतको घोषणा गरेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्री विदुरकुमार लिङ्थेपले सोमबार प्रदेशसभामा बजेट प्रस्तुत गर्दै 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' निर्माणको लक्ष्यअनुरूप राज्यको मूलधारबाट पछाडि परेका समुदायको उत्थानका लागि विभिन्न कल्याणकारी कार्यक्रम अघि सारिएका बताउनुभयो ।

प्रदेश सरकारले सीमान्तकृत समुदायका छोरीलाई पढाउन 'सक्षम छोरी' कार्यक्रमलाई निरन्तरता दिएको छ । उक्त कार्यक्रमका लागि रु सात करोड बजेट विनियोजन गरिएको छ । यसबाट प्रदेशभरका करिब दुई लाख ७५ हजार छात्रा लाभान्वित हुने अपेक्षा गरिएको छ । किशोरीहरूको शारीरिक तथा मानसिक विकासका लागि 'किशोरी सशक्तीकरण तथा आत्मरक्षा' अभियानलाई पनि बजेटमा समेटिएको छ ।

महिला स्वास्थ्य प्रवर्द्धनका लागि 'समयमै पहिचान, समयमै उपचार, महिलाको स्वास्थ्य हाम्रो सरोकार' नारासहित पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने समस्या तथा निःसन्तानपन सम्बन्धी निःशुल्क परीक्षण सेवा गाउँ-गाउँसम्म विस्तार गरिने भएको छ । ग्रामीण क्षेत्रमा सेवा प्रवाह गरिरहेका महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गर्न रु दुई करोड बजेट विनियोजन गरिएको छ ।

बालबालिकाको हकहित र संरक्षण का लागि सरकारले बालविवाह नियन्त्रण तथा लागुऔषध दुर्व्यसन न्यूनीकरण गर्न युवा लक्षित 'म अघि बढ्छु' अभियान सञ्चालनका लागि रु दुई करोड छुट्याएको छ । प्रदेशलाई सडक बालबालिकामुक्त तथा सहयोगापेक्षी मानवमुक्त बनाउने अभियान लाई पनि आवश्यक बजेटसहित निरन्तरता दिइएको छ । आगामी दिनमा निर्माण हुने सरकारी तथा सार्वजनिक संरचनालाई बालमैत्री र अपाङ्गतामैत्री बनाइने घोषणा पनि बजेटमा गरिएको छ ।

लैङ्गिक हिंसा तथा मानव बेचबिखन विरुद्ध 'शून्य सहनशीलता' को नीति अवलम्बन गर्दै पीडितको उद्धार, संरक्षण तथा सम्मानजनक पुनःस्थापनाका लागि आवश्यक वित्तीय व्यवस्था गरिएको बजेटमा उल्लेख छ ।

त्यसैगरी अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्रत्यक्ष राहत पुग्ने गरी कर तथा स्वास्थ्य सेवामा विशेष सहुलियतको व्यवस्था गरिएको छ । सार्वजनिक यातायातका १४ वा सोभन्दा बढी सिट क्षमताका सवारीसाधनमा अपाङ्गता भएका व्यक्ति, विद्यार्थी तथा ज्येष्ठ नागरिकलाई अनिवार्य रूपमा भाडा छुट उपलब्ध गराएबापत सवारीधनीलाई तिर्नुपर्ने सवारीसाधन करमा ६० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार, सम्मान र पूर्ण सहभागिता सुनिश्चित गर्न प्रदेश सरकारले सञ्चालन गर्दै आएको 'अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम' सबै स्थानीय तहमा आन्तरिकीकरण गर्ने घोषणा गरेको छ ।

साथै श्रवणशक्ति तथा स्वर-बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको सार्वजनिक सेवा, सूचना तथा न्यायमा सहज पहुँच सुनिश्चित गर्न र सांकेतिक भाषाको अधिकार प्रवर्द्धन गर्न रु १६ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

स्वास्थ्य सेवातर्फ पनि अपाङ्गता भएका व्यक्ति, हिंसापीडित, दीर्घरोगी तथा ७० वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकलाई प्रदेश जनस्वास्थ्य प्रयोगशाला मा हुने स्वास्थ्य परीक्षण शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइएको बजेट वक्तव्यमा उल्लेख छ ।

# लुम्बिनीमा : ३७ अर्ब ३८ करोडको बजेट सार्वजनिक

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु ३७ अर्ब ३८ करोड ४५ लाखको वार्षिक बजेट सार्वजनिक गरेको छ । प्रदेशसभाको बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले बजेट प्रस्तुत गर्नुभएको हो ।

प्रस्तुत बजेटमध्ये पुँजीगततर्फ रु २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार, चालुतर्फ रु ११ अर्ब ११ करोड २७ लाख १० हजार विनियोजन गरिएको छ । स्थानीय तहलाई वित्तीय हस्तान्तरणअन्तर्गत वित्तीय समानीकरण अनुदानमा रु ९६ करोड, समपुरक अनुदानमा रु ९८ करोड ४० लाख, विशेष अनुदानमा रु २० करोड र सशर्त अनुदानमा रु एक अर्ब ४१ करोड १२ लाख ५० हजार विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । सरकारले आगामी आवको बजेटमार्फत प्रदेश संरचनाको सुदृढीकरण, सङ्घीय लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकास, प्रादेशिक अर्थतन्त्रको सबलीकरण, वित्तीय सुशासन, सार्वजनिक तथा निजी क्षेत्रको सहभागिता विस्तार र आर्थिक समृद्धिलाई मुख्य प्राथमिकतामा राखेको छ । 'समृद्ध लुम्बिनी, खुसी नागरिक'को दीर्घकालीन सोचलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरि एको मन्त्री कार्कीले बताउनुभयो ।

सङ्घीयताको लाभ आमनागरि कसम्म पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्दै पूर्वाधार विकासमा दायित्व भुक्तानीलाई प्राथमिकता दिइएको मन्त्री कार्कीले उल्लेख गर्नुभयो । मदिराजन्य तथा सुर्तिजन्य उद्योगबाहेक अन्य उद्योग स्थापना गर्ने उद्यमीलाई पूर्ण छुट दिने व्यवस्था गरिएको छ । उद्यमशीलता प्रवर्द्धनका लागि 'उद्यम विकास कोष' स्थापना गरी स्टार्टअप तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ ।

## कर्णाली बजेटः प्राथमिकतामा पूर्वाधार, स्वास्थ्य र शिक्षा

कर्णाली । कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेटमा पूर्वाधार, स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राखेको छ ।

कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्षका लागि भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको बजेट घटे पनि पूर्वाधारलाई प्राथमिकतामा राखिएको छ । प्रदेश सरकारले १४ रणनीतिक सडक आयोजनाका लागि रु ६५ करोड र १२२ नयाँ झोलुङ्गे पुल निर्माणका लागि रु ३६ करोड ७५ लाख विनियोजन गरेको छ ।

प्रदेशको एकीकृत प्रशासनिक भवन निर्माणलाई उच्च प्राथमिकता दिँदै रु ७५ करोड छुट्याइएको छ। वीरेन्द्रनगर, नारायण र दुनैलगायत सहरलाई 'स्मार्ट सिटी' का रुपमा विकास गर्न रु ३७ करोड विनियोजन गरिएको छ । मन्त्रालयका लागि आगामी आर्थिक वर्षमा रु १० अर्ब ९३ करोड ८१ लाख १० हजार बजेट छुट्याइएको छ । चालु आर्थिक वर्षमा भौतिक मन्त्रालयका लागि रु ११ अर्ब एक करोड विनियोजन गरिएको थियो । अर्थमन्त्री राजीवविक्रम शाहले आगामी आवको बजेट भाषण गर्दै विगतदेखि सञ्चालनमा आएका आयोजना सम्पन्न गर्न आगामी आवमा पूर्वाधारमा प्राथमिकता दिइएको बताउनुभयो ।

हुम्ला तथा मुगु कर्णाली नदी दोमुखबाट नाक्चेलाग्न जोड्ने सडक, थारमारे बडागाउँ चौरजहारी सडक योजना, सुर्खेत उपत्यका चक्रपथलगायत सडक आयोजना निर्माणका लागि रु ६५ करोड बजेट विनियोजन गरिएको छ । भूकम्प पुनःनिर्माण र आवास जाजरकोट तथा रुकुमपश्चिमको भूकम्पपछिको पुनःनिर्माण र विपन्न आवास कार्यक्रमका लागि रु ३४ करोडभन्दा बढी रकम खर्च गरिने बताइएको छ ।

त्यस्तै, स्वास्थ्यतर्फ कर्णाली प्रदेश अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा विकास तथा कानुन तर्जुमा गर्न र अस्पतालको ओपिडी ब्लकलगायत पूर्वाधार निर्माणका लागि रु २३ करोड ६५ लाख विनियोजन गरिएको मन्त्री शाहले बताउनुभयो । उहाँका अनुसार क्यान्सर, मुटु, मिर्गौला र अल्जाइमरजस्ता जटिल रोगका बिरामीको उपचार सहायताका लागि रु दुई करोड ५० लाख छुट्याइएको छ । त्यसैगरी, ग्रामीण महिला स्वास्थ्य स्वयं सेविकाको प्रोत्साहन भत्तामा शतप्रतिशत वृद्धि गरी वार्षिक रु २४ हजार पुऱ्याइएको बजेटमा उल्लेख छ । विपन्न नागरिकलाई निःशुल्क रगत उपलब्ध गराउने र दैलेखमा मिर्गौला डायलासिस सेवा विस्तार गर्ने घोषणा गरिएको छ । कर्णाली समग्र आरोग्य अभियानमार्फत आयुर्वेद र वैकल्पिक चिकित्सालाई पनि जोड दिइएको छ ।

शिक्षा क्षेत्रमा 'हप्ताको एक दिन किताबरहित शुक्रबार' जस्ता सिर्जनशील कार्यक्रमलाई निरन्तरता दिइएको छ । शिक्षक अभाव भएका सामुदायिक विद्यालयमा डिजिटल प्रविधिमार्फत शिक्षण गर्न रु सात करोड र गणित, विज्ञान तथा अङ्ग्रेजी शिक्षक व्यवस्थापनका लागि रु पाँच करोड विनियोजन गरिएको छ । गरिब, जेहेन्दार, दलित र लोपोन्मुख समुदायका विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ ।

त्यस्तै, दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि रु नौ करोड विनियोजन गरिएको छ भने वीरेन्द्रनगरमा निर्माणाधीन प्रदेश रङ्गशाला सम्पन्न गर्न थप रु नौ करोड तथा अन्य जिल्लाका खेलमैदान तथा कभर्डहल निर्माणका लागि रु १० करोड बजेट विनियोजन गरिएको छ ।

मुगुको रारा ताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौहान उद्यान, सल्यानको कुपिण्डे दह र रुकुम (पश्चिम) को स्यार्पु तालको संरक्षण तथा विकास गरी कर्णालीको पर्यटन प्रवर्द्धनमा बढोत्तरी गर्ने उद्देश्यले हाल कार्यान्वयनमा रहेको गुरुयोजनाको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन रु २१ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ ।

सङ्घीय सरकारको सहकार्यमा सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नतिलगायत आवश्यक कार्यका लागि रु पाँच करोड विनियोजन गरिएको छ । सुर्खेत विमानस्थल बाट हिमाली जिल्लाका विमानस्थल मा नियमित हवाई उडानका लागि सङ्घीय सरकारसँगको समन्वयमा सहुलियत कार्यक्रम प्रदान गर्न बजेट विनियोजन गरिने बताएको छ । आगामी आवमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका लागि रु १० अर्ब ९३ करोड ८१ लाख १० हजार बजेट व्यवस्थापन गरिएको छ। यस्तै, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका लागि रु दुई अर्ब ४६ करोड ४९ लाख ७४ हजार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई रु दुई अर्ब ५२ करोड ८७ लाख ६८ हजार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई रु चार अर्ब ८१ करोड ९५ लाख ८६ हजार बजेट दिइएको छ । सामाजिक विकास मन्त्रालय रु ६ अर्ब १० करोड पाँच लाख ९५ हजार र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि रु ३७ करोड पाँच लाख विनियोजन भएको छ । प्रदेशसभाको दोस्रो कार्यकालको आठौँ अधिवेशनको आज बसेको दशौँ बैठकमा मन्त्री शाहले आगामी आवका लागि रु ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजारको बजेट प्रस्तुत गर्नुभएको थियो ।

## कुकुरसहितको शान्ति पदयात्रा टोली लुम्बिनीमा

लुम्बिनी । विश्व शान्ति, करुणा र मैत्रीको सार्वभौमिक सन्देश बोकेर विश्वभर 'वाक फर पिस' अभियान सञ्चालन गर्दै पैदलयात्रामा रहनुभएका भियतनामी भिक्षु पन्याकरको नेतृत्व टोली आइतबार बुद्ध जन्मस्थल लुम्बिनी आइपुगेका छ । उक्त अभियानसँग जोडिएको 'आलोका' कुकुरसहितको टोली बुद्धको जन्मस्थल लुम्बिनी आएको हो । उक्त पैदलयात्राका अगुवा भिक्षु पन्याकरको नेतृत्वमा १८ जना भिक्षु र उपासक उपासिकाको टोली बुद्ध जन्मस्थल लुम्बिनी आएको हो ।

उक्त शान्ति पदयात्रा टोलीले कुकुरसहित लुम्बिनीस्थित अखण्ड शान्ति दीप क्षेत्रबाट आइतबार बेलुका मायादेवी मन्दिरसम्म शान्ति पदयात्रा गरेको थियो । मायादेवी मन्दिर पुगेर पूजा र प्रार्थना गरेका थिए । यस ऐतिहासिक एवं प्रेरणादायी अवसरमा भन्तेहरूलाई लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगरप्रमुख कल्पना हरिजन तथा लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानीन राईले स्वागत गर्नुभयो ।

भिक्षु टोलीले शान्तिको पैरवी गर्दै यात्रा गरेका छन् । पदयात्राका दौरान भिक्षुहरूले सर्वसाधारणलाई बुद्ध दर्शन र शान्ति शिक्षा सिकाउँदै हिँडेका छन् । ठाउँठाउँमा ध्यान सिकाउँथे । करुणा, दयामाया, सद्भाव र सदाचार सिकाउँदै उनीहरूको पदयात्रा अघि बढेको थियो ।

मायादेवी मन्दिरको अवलोकन तथा प्रार्थनापश्चात् आयोजित स्वागत कार्यक्रममा भिक्षु पन्याकरले बुद्धले यो संसारको जन्म र मरणको अनन्त चक्रबाट उम्कने बुद्धका सन्देशलाई अपनाएर उहाँले देखाउनुभएको निर्वाण र परम आनन्द प्राप्त गर्न भगवान् बुद्धले देखाउनु बाटोलाई आत्मसात् गर्नुपर्ने बताउनुभयो ।

उहाँले हरेक प्राणीले मुक्ति प्राप्त गर्न र निर्वाणको परम आनन्द प्राप्त गर्न कस्तो हुनुपर्ने हो भन्ने एउटा ठूलो प्रश्नको विषय बनेको बताउँदै संसारमा सबै कुरा पाउन हरेक व्यक्तिमा बलियो सङ्कल्प आवश्यक रहेको बताउनुभयो । उहाँले त्यही बलियो सङ्कल्पका साथ अभियान थालेको बताउनुभयो ।

भिक्षु पन्याकरले आफूहरूको एउटा सानो यात्राको आज विश्वभर सम्मान पाएको र यसले विश्व शान्ति सन्देश दिन ठूलो सफलता मिलेको बताउनुभयो। उहाँले आफूहरूको एकमात्र उद्देश्य विश्वमात्र रहेको बताउँदै शान्ति व्यक्तिबाट सुरु हुने भएकाले सबै शान्तिका लागि लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले आफ्नो यात्राको सदस्यका रूपमा रहेको आलोका कुकुरको बारेमा भन्नुभयो, "हामी आलोकको कुरा गर्दैछौँ, यो शान्त कुकुर जुन यहाँ छ । आलोक एउटा यस्तो कुकुर हो जो हामीसँग लामो समयदेखि हिँडिरहेको छ ।

## असार १ : पहिलो विद्यार्थी आन्दोलन सुरु भएको स्मृतिमा जयतु संस्कृतम् दिवस

काठमाडौँ । नेपालको पहिलो विद्यार्थी आन्दोलन जयतु संस्कृतम् दिवस सोमबार विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ। विसं २००४ असार १ गते तीनधारा पाठशालाका विद्यार्थीले संस्कृतका शास्त्रीय विषयका साथै आधुनिक अङ्ग्रेजी, गणित, विज्ञान, भूगोललगायत विषय पनि पढ्न पाउनुपर्ने माग गर्दै राणा शासकका विरुद्ध गरेको आन्दोलनको सम्झनामा जयतु संस्कृतम् दिवस मनाउने गरिन्छ ।

आधुनिक विषय अध्ययन गर्न पाउनुपर्ने माग गर्दै सुरु भएको आन्दोलन पछि जहानियाँ राणा शासनको विरुद्ध र प्रजातन्त्र स्थापनाको पक्षमा केन्द्रित भएको थियो । राणा शासकले तीनधारा पाठशालाबाट चार पाटा मुडेर विद्यार्थीलाई उपत्यकाका नाका कटाएपछि तिनले जहानियाँ राणा शासनको विरोध गर्दै देशभर जागरण फैलाएका थिए । यसले कुनाकन्दराका जनतालाई राणा शासकका विरुद्ध सङ्गठित गरेको थियो ।

देशका विभिन्न भाग हुँदै विद्यार्थीहरू भारतको बनारस पुगे । बनारसमा राणा शासनको अन्त्य गर्न प्रवासमा रहेका नेपालीलाई गोलबद्ध गरिरहनुभएका नेपाली कांग्रेसका संस्थापक विपी कोइरालालगायत नेतासँग जयतु संस्कृतम्का अगुवाहरू पूर्णप्रसाद ब्राह्मण, श्रीभद्र शर्मालगायतले भेटघाट गरी प्रजातन्त्र स्थापनाको आन्दोलनमा सरिक हुनुभएको थियो । त्यसबेला असार १ गते विद्यार्थीले आन्दोलन सुरु गरेको सम्झनामा प्रत्येक वर्ष यसै दिन जयतु संस्कृतम् दिवस मनाउने गरिन्छ ।

आन्दोलनको स्वर्ण वर्षको अवसरमा विसं २०५५ मा संस्कृतका क्षेत्रमा काम गर्ने उद्देश्यले जयतु संस्कृतम्लाई संस्थागत स्वरूप दिई विधिवत् रूपमा दर्ता गरिएको थियो । त्यसै वर्षदेखि संस्थागत रूपमा जयतु संस्कृतम् दिवस मनाउन थालिएको हो ।

यस अवसरमा आज बिहान दरबारमार्गस्थित तीनधारा पाठशाला अघि रहेको जयतु संस्कृतम् स्तम्भमा माल्यार्पण, पुष्पगुच्छासहित विश्वशान्तिको सङ्कल्पले स्वस्तिवाचन गरिने जनाइएको छ । कार्यक्रममा सहभागी हुन जयतु संस्कृतम् संस्थाले संस्कृतका अनुयायीमा आह्वान गरेको छ। माल्यार्पण र स्वस्तिवाचनपछि दरबारमार्गस्थित जयतु संस्कृतम् स्तम्भबाट प्रभातफेरी गरिने र रानीपोखरीस्थित संस्कृत माध्यमिक विद्यालय (दरबार हाइस्कुल)मा पुगेर औपचारिक कार्यक्रम गरिने जनाइएको छ। यस वर्ष ८०औँ जयतु संस्कृतम् दिवस मनाउन लागिएको जयतु संस्कृतम् संस्थाले जनाएको छ ।

## बर्खा लाग्न थालेपछि वस्तुभाउ लिएर लेक उक्लिए गोठाला

❑ प्रत्युष समाचारदाता

बागलुङ । काँधमा भारी । साथमा सयौँका सङ्ख्यामा वस्तुभाउ । पसिनाले निथ्रुक भिजेको शरीर । अनुहारमा थकान । ससाना पाठापाठी र पाडापाडी बोकेका गोठला मध्यपहाडी लोकमार्गको निसीखोला र ढोरपाटन सडकको ठाउँठाउँमा भेटिन्छन् । सेताम्य भेडाका बथान र गाईभैँसीको हुलले सडक नै छेकिनेगरी हिँडिरहेका हुन्छन् । यसरी आफ्नै गतिमा हिँडेका गोठाला र वस्तुभाउ लेकका खर्क र बुकीपाटन उक्लिन थालेका हुन् ।

बर्खा सुरु भएसँगै पश्चिम बागलुङका पशुपालक किसान हरेक वर्ष वर्षात्को समयमा खर्क र बुकीपाटन उक्लिने गर्छन् । गत असोजमा बेँसी झरेका गोठाला वस्तुभाउ लिएर बुकीपाटन उक्लिन थालेका हुन् । एउटै परिवारले दर्जनौँ वस्तुभाउ पाल्ने हुँदा बेँसीमा मात्रै घाँस पुर्याउन नसक्ने हुँदा उनीहरू हिउँद बर्खा लेक-बेँसी गरेर पशुपालन गर्दै आएका छन् ।

जिल्लाको निसीखोला, ढोरपाटन, तमानखोला, गलकोटलगायत स्थानबाट गोठाला आफ्ना वस्तुभाउ लिएर लेक उक्लिने गर्छन् । पश्चिम बागलुङका अधिकांश किसान पशुपालनमा आबद्ध छन् । कतिपय गोठाला जेठ दोस्रो साता नै बुकीपाटन उक्लिसके भने धेरैजसो यतिबेला खर्च बोकेर लेक उक्लिन थालेका छन् । अहिले बुकीपाटन उक्लिने गोठाला अब चार महिनापछि मात्रै गाउँ (बेँसी) झर्छन् ।

बर्खाभरि लेकमा बस्ने गोठलाले असोजसम्म पुग्ने खाद्यान्न र लत्ताकपडा बोकेर जाने गर्छन् । समुद्री सतहदेखि तीन हजारदेखि चार हजार ८०० मिटरको उचाइसम्मको चरन क्षेत्रमा गोठाला पुग्छन् । बुकीपाटनमा वस्तुभाउका लागि पर्याप्त घाँस पाइने हुँदा महिनौँ उतै बिताउने गर्छन् । लेकमा टेलिफोन र विद्युत्को सुविधा नहुँदा उनीहरूको लामो समय परिवारसँग फोन सम्पर्कसमेत हुँदैन । असारदेखि असोजको बीचमा बिरामी परेमा, खर्च सकिएमा र अन्य कुनै आकस्मिक घटना भएमात्रै बेँसी झर्छन् ।

गोठालाहरू निसीखोलाको रिग, पातीहाल्ने, तिलाचन, निसेलढोर, खानीखोला र ढोरपाटनको गर्पाछेडा, फागुने, टीकाधारा, स्यार्चुङलगायत अग्ला पहाडी क्षेत्रमा पुग्छन् । बेँसीका बारीमा खेतीपाती गरिसकेपछि लेक उक्लिन थालेको निसीखोला गाउँपालिका-५ का किरबहादुर घर्ती मगरले बताउनुभयो । अब दसैँ मनाउनका लागि मात्रै गाउँ झर्ने उहाँको भनाइ छ । घर्ती मगरले भन्नुभयो, "यतिका सम्पत्ति (वस्तुभाउ) एकै ठाउँमा राखेर पाल्न सकिँदैन ।

## सरकारी रंगशाला अझै अधुरो

सिद्धार्थनगर । रुपन्देहीमा क्रिकेट खेलको लोकप्रियता र पूर्वाधार विस्तार तीव्रगतिमा अघि बढिरहेको बेला निजी क्षेत्रको सक्रियताले नयाँ आयाम थपेको छ। निजी लगानीमा अन्तरराष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण सम्पन्न हुने चरणमा पुग्दा सरकारी स्वामित्वको सिद्धार्थ क्रिकेट रङ्गशाला भने बजेट अभाव र सुस्त कार्यान्वयनका कारण अझै पूर्ण हुनसकेको छैन ।

तिलोत्तमा नगरपालिका-१७ पूर्वदरखसवामा अष्ट्रेलियामा व्यवसाय गर्दै आएका विनोद कुँवरको लगानीमा करिब रु ६० करोड लागतमा एक्स्ट्राटेक ओभल क्रिकेट मैदान निर्माण गरिएको हो । छ बिघा क्षेत्रफलमा फैलिएको उक्त रङ्गशालामा खेलाडी ड्रेसिङ रुम, मिडिया बक्स, भिआइपी बक्सलगायतका संरचना निर्माण भइरहेका छन् ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान तथा रङ्गशालाका ब्राण्ड एम्बेसडर शक्ति गौचनका अनुसार मैदान राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन गर्न तयार भइसकेको छ भने अन्य पूर्वाधार विस्तारको काम जारी छ ।

हाल दुईदेखि तीन हजार दर्शक अट्ने क्षमता रहेको रङ्गशालालाई आगामी दिनमा १५ देखि २० हजार दर्शक क्षमतामा विस्तार गर्ने योजना रहेको छ। रङ्गशालासँगै आवासीय सुविधासहितको क्रिकेट एकेडेमी सञ्चालन गरी दक्ष खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको छ। यसले खेलकुदसँगै पर्यटन तथा स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## पत्रकार आचार्य स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना

मान्म (कालीकोट) । स्वर्गीय. पत्रकार वीरेन्द्रप्रसाद आचार्यको स्मृतिमा 'वीरेन्द्र आचार्य स्मृति पत्रकारिता पुरस्कार' स्थापना हुने भएको छ । आइतबार भएको नेपाल पत्रकार महासङ्घ कालीकोट शाखाको १६औँ वार्षिक साधारणसभा स्वर्गीय पत्रकार आचार्यको स्मृतिमा पत्रकारिता पुरस्कारको स्थापना गर्ने निर्णय गरेको हो । आचार्यले पत्रकारिता क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै शाखाका सदस्य स्वर्गीय आचार्यको स्मृतिमा 'वीरेन्द्र आचार्य स्मृति पत्रकारिता पुरस्कार' स्थापना गर्ने निर्णय भएको नेपाल पत्रकार महासङ्घ कालीकोटका अध्यक्ष भरतराज विष्टले बताउनुभयो । आचार्यको स्मृतिमा पत्रकारिता पुरुस्कारको स्थापना गरिएको छ", उहाँले भन्नुभयो, "उहाँको स्मृतिमा प्रत्येक वर्ष पत्रकारिता क्षेत्रमा लागेका एक जना पत्रकारलाई सम्मान गरिनेछ ।"

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com